# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं आश्विन १६ गते २०१३ साल

### रक्षामन्त्रालयको सूचना

सेनाको पुनर्निर्माण हुँदा रिट्रेंचमा परी रिटायर भएका पेन्सन पाउनेहद सम्म नोकरी नपुग्ने भए पनि खास परिस्थिति भएकोले१५ वर्ष बढी २० वर्ष कम नोकरी भएका अफिसरहरूलाई खण्डे पेन्सन दिने, त्यसअघि पछि रिटायर हुनेको हकमा रूल नियमबमोजिम पेन्सन पाउने नोकरी पूरा भए हुनेले मात्र पाउने सरकारको निर्णय भै सो अनुसार सो विषयको०८साल ज्येष्ठ१३गते प्रकाशित भएको गजेटको दफा [५] को उपदफा[क]मा१५वर्ष नोकरी भएको तर पेन्सन नपाएकोलाई जति वर्षलेपेन्सनपाक्दैनउतिवर्ष पेन्सनमा सालिन्दा सैकडा१०कट्टा गरी मिल्नेछ भन्ने लेखिएकोमा भ्रममा परी लेखिएबमोजिम १५ वर्ष बढी २० वर्ष कम नोकरी भएको रिट्रेंचमा परेका अफिसरहरू १५ वर्ष नोकरी भै सक्दा ५० कट्टी भै पाएकोमा अर्को वर्ष सैका ४० मात्र कट्टा गर्दै गै एवं प्रकारले २० वर्ष भएपछि पूरा त्रिखण्डी पाउने भन्ने संझेको बुझिएकोले यो स्पष्टीकरण गरिएकोछ उपरोक्त गजेटको दफा[५] को उपदफा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
235

[क] दफा सेनाको पुनर्गठन हुंदा रिट्रैंचमा परेका अफिसरहरूको निमित्तको मात्र हुनाले सो पुनर्गठन रिट्रेंचमा परेदेखि बाहेक अघिपछि रिटायर हुनेहरूको हकमा रूल नियमबमोजिम पेन्सन पाउने अवधि पूरा गरी नोकरी गर्नेहरूले मात्र रूल नियमबमोजिम पेन्सन पाउने हो र उपरोक्त लेखिएबमोजिम सेनाको पुनर्गठन हुंदा रिट्रैंचमा परी रिटायर भएका अफिसरहरूमा ५ वर्ष बढी २० वर्ष कम नोकरी भएकाहरूलाई जति वर्षले पेन्सन पाउँदैन, उति वर्षको सैकडा१०ले अर्थात् १५ वर्ष पुगेकोले सैकडा ५० र १६ वर्ष पुगेकोले सैकडा ६०, सत्र वर्ष पुगेकोले सैकडा ७०, अठार वर्ष पुगेकाले सैकडा ८०,१९ वर्ष पुगेकाले सैकडा ९०मात्र सधैं पाउने हुन्। सोबमोजिम १ पटक पाइसकेकोमा पछि त्यसमा फेरि पेन्सनमा बढाउने भएको हैन भनी सम्बन्धित जवानहरूले समेत थाहा पाउन् भन्नानिमित यो सूचना प्रकाशित गरिएको छ। सबन्धित बिभाग अड्डाहरूले पनि सोबमोजिम गर्न गराउन सूचित गरिएको छ।

आज्ञाले—
सोभागजङ्ग,
सेक्रेटरी—रक्षामन्त्रालय,

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२६